# काठेखोला गाउँपालिका , गाउँ कार्यपालिकाको कार्यलय

## प्रदेश नं.- ४, बागलुङ

### <u>सिलबन्दि बोलपत्र आवहानको सुचना</u>

कार्यलयमा प्रथम पटक प्रकाशित मितिः २०६४-१२-२५

यस कार्यालयका लागि आवश्यक तपसिल बमोजिमको सवारि साधन 4 WD जिप (पिकअप) कार्यलयबाट तोकिएको स्पेशिफिकेसन र लागत इस्टिमेट अनुसार सिलबन्दी बोलपत्र पेश गर्नका लागि यो सुचना प्रकाशित गरिएको छ।

१.बोलपत्र खरिद गर्न यस गा.पा. को राजस्व शाखामा रु.३,०००।- तिन हजार रुपैया (फिर्ता नहुने गरि )दाखिला गरेको नगद रसिद गत आ.व. २०७३\७४ सम्मको कर चुक्ताप्रमाणपत्र र फर्मदर्ता र नबिकरण गरेको प्रमाणित प्रतिलिपि संलग्न गरि ईच्छुक सप्लायर्सले लिखित निबेदन दिइ सो सुचना प्रकाशित भएको मितिले ३० औ दिन कार्यलय समयभित्र सप्लायर्स वा निजको प्रतिनिधिले बोलपत्र सम्बन्धि कागजात यस कार्यलय बाट खरिद गर्न सकिनेछ।
२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सबै विबरणहरु प्रष्टसँग भरि सप्लायर्सले प्रत्येक पानामा सहिछाप गरि सिलबन्दि गरि खाम बाहिर फर्मको नाम ठेगाना र कामको नाम प्रष्टसँग लेखि सुचना प्रकाशित भएको मितिले ३१ (एकतिसै) औ दिन को १२.०० बजेभित्र यस कार्यलयमा दर्ता गराई सक्नु पर्नेछ। म्यादभित्र प्राप्त हुन आएका सिलबन्दिबोलपत्र सोहि दिनको २.०० बजे बिलपत्रदातावा निजको प्रतिनिधि तथा कार्यलय प्रतिनिधिहरुको रोहोवरमा यसै कार्यलयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न वाधाहुने छैन।
३. बोलपत्र साथ तपसिल बमोजिमको धरैटी रकम (जमानत) को रकम नेपल बैंक लिमिटेड, बागलुङ शाखामा यस कार्यलयको नाममा रहेको धरैटीखाता नं. ०२२०३००००००००३०००००५ मा जम्मा गरेको सक्कल भैचर वा सो रकम बराबरको यस कार्यलयको नाममा जारि गरिएको विडबण्ड (बोलपत्रखोलेको मितिले कम्तिमा १२० दिनको अवधिभएको) समावेश भएको हुनु पर्नेछ।
४.बोलपत्रशर्त रहित, केरमेट नभएको दष्ट्रव्य नलेखेको हुनु पर्नेछ। समय भित्र प्राप्त नभएको, रित नपुगेको,सुचनाको शर्त विपरित भएको बोलपत्र माथि कारवाहि हुने छैन ।
५.बोलपत्र भर्दा दररेटमा स्पष्टअंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ ।
६. बोलपत्र दर्ता गर्ने र खोल्ने दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।
७.कुनै कारण जनाई वा निजनाई गाउँपालिकाको हितलाई ध्यानमा राखी यो बोलपत्रपूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा सुचना नै रद्ध गर्ने सम्पुर्ण अधिकार यस कार्यलयमा सुरक्षित रहनेछ।
८.सप्लायर्सले आफुले कवोल गर्ने अंकमुल्य अभिवृद्धि कर बाहेकको हुनु नर्नेछ।
९.यस सुचनामा उल्लेखित कुराहरु बाहेकअन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावलि २०६४ (संसोधन) अनुसार हुनेछ ।
बोलपत्र सम्बन्धी अन्य कुराहारु बुझ्नु परेमा कार्यलय समयभित्र यस कार्यलयामा सम्पर्क राख्न सकिनेछ।
(सम्पर्क नं. ९८५७६२०६९४,९८५७६२५१०१,९८५७६७७०१५) email id.Kathekholagahunpalika123@gmail.com)
सुचनामा छुटेका विषयहरु बोलपत्रफारम र प्रचलित कानुन अनुसार हुनेछ ।
सप्लाई गर्नु पर्ने सवारि साधनको विबरण निम्नानुसारको छ।

| सुचना नं. | कामको विवरण | बोलपत्रदस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|
| ०२\०७४\०७५ | 4 WD जिप पिकअप(थान-१) | ३,००० | बोल अंकको २.५ % |

प्रमुख प्रशासकीय अधिकृत